का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ वैशाख २०८०,
शुक्रबार
5 May 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ९९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

**भुटानी शरणार्थी प्रकरण**

# संवादमा सत्तारुढ र प्रतिपक्ष

एमालेका सचिव टोपबहादुर रायमाझी नै नक्कली शरणार्थी प्रकरणमा तानिएपछि सत्तारुढ र प्रतिपक्षी दलका नेताहरुबीचको संवाद बाक्लिएको हो ।



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २१ वैशाख ।

नेपाली युवालाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने कार्यमा संलग्न रहेको भनी प्रहरीले टोपबहादुर रायमाझीलाई पक्राउ पुर्जी जारी गरेको विषयमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबीच छलफल भएको छ ।

एमाले सचिव रायमाझी नक्कली शरणार्थी प्रकरणमा तानिएपछि सत्तारुढ र प्रतिपक्षी दलका नेताहरुबीचको संवाद बाक्लिएको छ । यही क्रममा प्रमसख विपक्षी दलका नेता र प्रधानमन्त्रीका बीचमा छलफल भएको हो ।

प्रधानमन्त्री प्रचण्डलाई भेट्न एमाले अध्यक्ष ओली प्रधानमन्त्री कार्यालय सिंहदरबार पुगेका थिए । प्रधानमन्त्री प्रचण्ड भेटेपछि पत्रकारहरूसँग संक्षिप्त प्रतिक्रिया दिँदै एमाले ओलीले आफूहरू दोषी उम्काउने पक्षमा नरहेको बताए । तर, आफ्नो पार्टीका सचिव रायमाझी नक्कली शरणार्थी प्रकरणमा तानिएको हो कि तनाएको भन्ने विषयमा अध्ययन गरिरहेको उनको जवाफ छ । 'निर्दोष पर्नुहुँदैन, दोषी उम्किनु हुँदैन । दोषी उम्काउने हाम्रो प्रयास हुँदैन । निर्दोष फसाउन खोजियो भने हामी सहँदैनौं ।' ओलीले भनेका छन् ।

अध्यक्ष ओलीले बहालवाला सांसद, पटकपटक मन्त्री र उपप्रधानमन्त्री भइसकेको मान्छेलाई षड्यन्त्रपूर्वक ढंगले बाटोमा हिँड्दाहिँड्दै समाउनुपर्ने अवस्था नरहेको भनी घुमाउरो पाराले रायमाझीलाई नक्कली पृष्ठ २ मा

## अमेरिका जाने लिस्टमै अनुसन्धान

अमेरिका जानका लागि नक्कली शरणार्थी खडा गरिएको विवरण सार्वजनिक भएसँगै अमेरिका जाने भनी तय भएको लिस्टमा रहेकाहरुमाथि समेत अनुसन्धान गरिने भएको छ ।

नेपालमा रहेका भुटानीहरुलाई अमेरिका पठाउन सरकारले राष्ट्र संघीय उच्च आयोग (यूएनएचसीआरमा) ४२९ जनाको नाम पठाएको थियो । ती व्यक्तिहरूलाई सरकारले गठन गरेको समितिले प्रमाणित गरेर पठाइएको थियो ।

तर, प्रमाणित गर्दा नै नक्कली शरणार्थी खडा गरिएको विवरण पृष्ठ २ मा

प्रहरी अधिकारीहरु भन्छन्, 'प्रमाणित भएका नाम भेरिफाई त गर्नुपर्‍यो नि, त्यहाँ पनि कतै नक्कली शरणार्थी छन् कि !'

निर्दोष नफसुन्, कोही दोषी नउम्किउन् । छानबिन हुनुपर्छ, छानबिनमा सबैले सहयोग गर्नुपर्छ । यस्ता घटनालाई राजनीतिकरण गर्नुहुन्न । कानूनको पालना सबैले गर्नुपर्छ ।

**विष्णु रिमाल**
उपमहासचिव, एमाले



## टोपबहादुर फरार


नक्कली शरणार्थी प्रकरणमा तानिएपछि नेकपा एमालेका सचिव टोपबहादुर रायमाझी फरार भएका छन् । काठमाडौंमा बुधबार पक्राउ पूर्जी जारी हुँदा रायमाझी अर्घाखाँचीको महेन्द्र विद्योदय माध्यमिक विद्यालयको हिरक महोत्सवमा विशेष अतिथिका रुपमा सहभागी भइरहेका थिए । त्यसदिन सभामुख देवराज घिमिरेसँगै एउटै कार्यक्रममा रहेका नेता रायमाझी त्यसपछि सम्पर्क बिहीन भएका हुन् । राति ९ बजे रायमाझी सभामुख घिमिरेसँगै भैरहवा विमानस्थलबाट काठमाडौं फर्कने तयारीमा भएपनि पक्राउ परिनसक्ने भएपछि उनी फरार भएका हुन् ।



अर्घाखाँचीमा पत्रकारहरुसिच कुरा गर्दै उनले काठमाडौं हिड्न लागेको बताएका थिए । काठमाडौं हिडेँको भनिएका एमालेका सचिव एवं पूर्व ऊर्जामन्त्री टोपबहादुर रायमाझी त्यसपछि फरार भएका हुन् ।

काठमाडौं प्रहरी प्रमुख दानबहादुर कार्की टोपबहादुरलाई पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**



## मलेसियामा कामदारको कोटा एप्रुभलमा अनियमितताको आशंका

मध्यान्ह संवाददाता
काठमाडौं, २१ वैशाख

मलेसियामा विदेशी कामदारको कोटा एप्रुभलका क्रममा अनियमितता भएको विषय छानबिनको घेरामा परेको छ । छानबिनका क्रममा बिहीबार मलेसियाका मानव संशाधन मन्त्री भी शिव कुमारको मातहतमा काम गरेका पाँच अधिकारीको करार खारेज भएको छ ।

अघिल्लो महिना अप्रिलमा मलेसियन भ्रष्टाचार विरोधी आयोग (एमएसीसी)ले मन्त्री शिवकुमारका तीन सहयोगीहरूलाई पक्राउ गरेको थियो । अप्रिल १७ मा उनीहरूको चार दिनको म्याद समाप्त भएपछि रिहा गरिएको थियो । मन्त्रालयका कर्मचारी पक्राउ परेपछि मलेसियन भ्रष्टाचार विरोधी आयोग (एमएसीसी)ले मन्त्री शिवकुमारलाई पनि छानबिनका लागि बयानमा बोलाएको थियो । बयानपछि मन्त्री शिव कुमारलाई बिदामा जान वा राजीनामा दिन दबाब परेको थियो ।

तर मन्त्री शिव कुमारले प्रधानमन्त्री अनवर इब्राहिमलाई भेटेपछि आवश्यक नभएको भन्दै राजीनामा नदिने बताएका छन् । विदेशी कामदारको माग फ्रिज गर्ने निर्णयले मलेसियामा उनीहरूको आवश्यकता वा पर्याप्तता भन्ने बहश गहिरिएको छ । मलेसिया सरकारले ९ लाख ९५ हजार ३ सय ९६ विदेशी कामदारको एप्रुभल दिएपछि गत मार्च १८ बाट नयाँ कामदारको एप्रुभल रोकेको छ । त्यसमा अनियमितता र चलखेल भएको गुनासो व्यापक बनेको छ।

विदेशी कामदारका एप्रुभल रोक्ने सरकारी निर्णयलाई मलेसियन उत्पादकहरूको महासंघले देशको उत्पादकता र कुल गार्हस्थ उत्पादन (जीडीपी)लाई असर गर्ने बताउँदै निर्णय परिवर्तन गर्न सरकारसँग माग गरेको छ । तर पृष्ठ २ मा

### थाइल्याण्ड र पोर्चुगल पठाउने भन्दै ठग्ने दुई पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीका नाममा विदेश पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जना पक्राउ परेका छन् । प्रहरीले थाइल्याण्ड र पोर्चुगल पठाइदिन्छु भन्दै ठगी गर्ने दुई जनालाई पक्राउ गरेको हो ।

थाइल्याण्ड पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले चितवनको बालुवा घर भई काठमाडौंको टोखा बस्ने ३१ वर्षीय नन्दलाल महतोलाई पक्राउ गरेको छ । उनले भीमबहादुर बुढालाई वैदेशिक रोजगारीका लागि थाइल्याण्ड पठाइदिन्छु भन्दै साढे ३ लाख रुपैयाँ ठगेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले दाबी गरेको छ ।

कार्यालयका सूचना अधिकृत तथा प्रहरी उपरीक्षक सोमेन्द्र सिंह राठौरका अनुसार उनले थाइल्याण्ड जानका लागि साढे ३ लाख रुपैयाँ लाग्ने र थाइल्याण्डमा मासिक १ लाखभन्दा बढी तलब हुने प्रलोभन देखाएर बुढासँग साढे ३ लाख रुपैयाँ ठगेर बेपत्ता भएको भन्दै पृष्ठ २ मा

## उपलब्धिविहीन हिउँदे अधिवेशन

कान्ति न्यौपाने/मध्यान्ह
काठमाडौं, २१ वैशाख ।

संसदको हिउँदे अधिवेशनलाई कानून निर्माण गर्ने अधिवेशन भनिन्छ । तर, प्रतिनिधिसभाको निर्वाचनपछि पहिलो पटक बसेको संसद अधिवेशन शून्य र विशेष समयको छलफलमै अन्त्य भएको छ । गत पुसबाट सुरु भएर वैशाख १५ गते सकिएको अधिवेशनबाट महत्वपूर्ण विधेयक पनि पारित हुनसकेनन् । बरु सभामुख र उपसभामुखको चयन, प्रधानमन्त्रीलाई दुईपटक विश्वासको मत, राष्ट्रपति, उपराष्ट्रपतिको चुनाव र नयाँ नियमावली बनाउँदैमा चार महिना बितेको छ ।

'नयाँ कानून निर्माण र पुराना कानुन संशोधनमा धेरै समय खर्चिनुपर्ने संसदको ध्यान अन्य विषयमै बढी गएको देखिन्छ, जसले गर्दा धेरै महत्वपूर्ण विधेयक पनि अलपत्र परे,' राष्ट्रियसभा सदस्य गरिमा शाहले भनिन् । उनले आरोप बहस र मुद्धाकेन्द्रित विषयमा संसदले ध्यान दिदाँ कानून निर्माणको कार्य अलपत्र भएको स्वीकार गरेकी हुन् ।

प्रतिनिधिसभको २८ वटा बैठकबाट एउटै विधेयक पारित हुन नसकेपनि १९ वटा बैठक बोलाएको राष्ट्रियसभाल भने सातवटा विधेयक पारित गर्यो । तर, उक्त विधेयकले पनि प्रतिनिधिसभाबाट कानूनी रुप प्राप्त गर्न सकेन ।

'संसद प्रक्रिया मिलाउने थलो मात्रै बन्दा हरेक वर्ष कर्मकाण्डी तरिकाले अधिवेशन अन्त्य हुँदै आएको छ, सदनमा प्रशस्त छलफल गरेर कानून निर्माण गर्नुको सट्टा आरोपप्रत्यारोपमै समय बिताउनु दुखद हो,' अधिवक्ता अर्जुन अर्यालले भने ।

उनले सदनप्रति सरकार उत्तरदायी भएर बिजनेश दिनुपर्ने र हरेक विधेयकमाथि पर्याप्त छलफल हुनुपर्ने बताएका छन् । तर, सरकारले सदनलाई विजनेश नदिदाँ र कानून निर्माण संदन जिम्मेवार नबन्दा वर्षोसम्म पनि विधेयक अलपत्र पर्ने प्रवृत्ति दोहोरिरहेको छ ।

**एउटा पनि कानून बनेन**

संसदमा वर्षोदेखि अलपत्र रहेका नागरिकता विधेयक, सम्पत्ति शुद्धीकरण, सत्यनिरुपणसम्बन्धी विधेयकबारे छलफल नै नगरि संसदको अधिवेशन अन्त्य भएको छ ।

राष्ट्रियसभाले अनुगमन तथा मूल्यांकन विधेयक, अखिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, सुरक्षण मुद्रणसम्बन्धी विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक पारित गरेर सन्देशसहित प्रतिनिधिसभामा पठाएपनि उक्त विधेयकले कानूनी रुप लिन सकेन । किनभने प्रतिनिधिसभाले उक्त विधेयकको प्रक्रिया नै पृष्ठ २ मा


# २५६७औँ बुद्ध जयन्ती मनाइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ वैशाख

शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित सिद्धार्थ गौतमको २५६७औँ जयन्ती आज भगवान् विष्णुको नवौँ अवतारका रूपमा जन्म लिएका बुद्धको पूजा, आराधना एवं प्रवचन गरी मनाइँदै छ ।

प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन बुद्ध जयन्ती मनाइन्छ । सिद्धार्थ गौतमले विश्व शान्ति स्थापनाका लागि पुऱ्याएका योगदानको स्मरणस्वरूप यो पर्व मनाउने गरिएको हो ।

बुद्धको जन्म, ज्ञान प्राप्ति, महापरिनिर्वाण (मुत्यु) वैशाख शुक्ल पूर्णिमाकै तिथिमा परेकाले यस दिन नेपाललगायत विश्वका बौद्ध धर्मावलम्बीले बुद्धप्रति भावपूर्ण श्रद्धा र भक्तिले बुद्ध जयन्ती मनाउने गर्दछन् ।



'अहिंसा नै शान्ति र मैत्रीको आधारशिला हो', यस्ता अनेकौँ कालजयी सन्देशका वाहक भगवान् गौतम बुद्धको २५६७औँ जयन्ती शान्तिको कामना गर्दै आज देशभर मनाउन लागिएको हो। बौद्ध धर्मावलम्बीले चैत्य, गुम्बा, विहारलगायत स्थलमा लामा एवं बौद्ध धर्मगुरु बसेर परम्परादेखि हुँदै आएको पूजालगायत विधि पूरा गरिन्छ । आम मानिसलाई बेलुकी घरमा दीपावली गरेर बुद्ध जयन्ती मनाउन सरकारले आह्वान गरेको छ ।

यस अवसरमा लुम्बिनी, स्वयम्भू, बौद्धलगायत स्थलमा विविध कार्यक्रम आयोजना गरी बुद्ध जयन्ती मनाउने परम्परा छ । इसापूर्व ५६३ अर्थात् आजभन्दा २५६७ वर्षअघि रुपन्देही जिल्लास्थित लुम्बिनी उद्यानमा पिता राजा शुद्धोधन र माता मायादेवीको गर्भबाट वैशाख शुक्ल पूर्णिमाका दिन सिद्धार्थ गौतमको जन्म भएको थियो । राजकुमारका रूपमा जन्म लिनुभएका सिद्धार्थ गौतम मानिसले पाएका दुःख देखेर चिन्तित बने । उनान्तीस वर्षको उमेरमा दरबार छोडी तपस्याका लागि निस्किएका थिए ।

# मुख्यमन्त्री पाण्डेले पाए विश्वासको मत



**कास्की/मस–**गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले विश्वासको मत पाएका छन् ।

गण्डकी प्रदेशसभाको बिहीबारको बैठकमा उनले मागेको विश्वासको मतको प्रस्तावका पक्षमा ३५ मत प्राप्त भएको हो । उनलाई नेपाली कांग्रेसका २७, नेकपा (माओवादी केन्द्र)का सात र नेकपा (एकीकृत समाजवादी)को एक गरी ३५ मत प्राप्त भएको छ। प्रस्तावका विपक्षमा नेकपा (एमाले)का २२ प्रदेशसभा सदस्यको मत परेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई जना प्रदेशसभा सदस्य तटस्थ बसेका छन् ।

प्रदेशको मुख्यमन्त्रीमा यही वैशाख १४ गते नियुक्त हुनुभएका पाण्डेले १५ गते पद तथा गोपनीयताको शपथ लिएका थिए । विश्वासको मत पाएसँगै पत्रकारसँगको भेटघाटमा मुख्यमन्त्री पाण्डेले अब सरकारका काम तीव्ररूपमा अघि बढ्ने बताए । मन्त्रिपरिषद्लाई चाँडै नै पूर्णता दिने बताउँदै उनले यस सम्बन्धमा गठबन्धनका दलबीच छलफल भइरहेको जानकारी दिए ।

सरकारका तर्फबाट आगामी नीति तथा कार्यक्रमको गृहकार्य भइरहेको उनको भनाइ थियो । पत्रकारको अर्को जिज्ञासामा उनले पछिल्ला समयमा अल्पमतको कामचलाउ सरकार भइसकेपछि केही योजनालाई बढाएको पाइएको बताए । ती योजना आवश्यकताका आधारमा या राजनीतिक आग्रहका आधारमा बढाइएको सम्बन्धमा पुनःविचार गरिने उनले बताए ।

# विपन्न र सीमान्तकृतलाई निःशुल्क चुल्हो र सिलिन्डर



**काठमाडौं/मस-**महोत्तरी जिल्लाका पाँच नगरपालिकाका विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिलाई निःशुल्क एलपिजी ग्यास चुल्हो र ग्यास सिलिन्डर वितरण गरिने भएको छ ।

भारत-नेपाल विकास सहकार्य कार्यक्रमअन्तर्गत चुल्हो र ग्यास सिलिन्डर वितरण गर्न लागिएको हो । यससम्बन्धी सम्झौतापत्रमा काठमाडौंस्थित भारतीय राजदूतावास र सुशीला ठाकुर स्मृति स्वास्थ्य फाउण्डेसनबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

काठमाडौं बिहीबार आयोजित एक कार्यक्रममा दूतावासका प्रथम सचिव करुण वंशल र फाउन्डेसनका निर्देशक सुशीला ठाकुरले हस्ताक्षर गरेका छन् ।

भारत सरकारले उक्त फाउण्डेसनलाई उपलब्ध गराएको करिब रु पाँच करोड अनुदानबाट महोत्तरी जिल्लाका पाँच नगरपालिकाका झन्डै आठ हजार विपन्न तथा सीमान्तकृत परिवार लाभान्वित हुने कुरा सो सम्झौतामा उल्लेख छ ।

दाउरा, कोइला, गुँइठाजस्ता परम्परागत इन्धनमा निर्भर ग्रामीण भेगका घरपरिवारलाई एलपिजी ग्यास उपलब्ध गराउने उद्देश्यले भारत सरकारको 'प्रधानमन्त्री उज्ज्वला योजना'अन्तर्गत सो अनुदान उपलब्ध गराएको हो ।

सन् २००३ यता भारतले नेपालमा पाँच सय ३५ भन्दा बढी उच्च प्रभावकारी सामुदायिक विकास परियोजना अघि बढाएकामा हालसम्म चार सय ७८ वटा सम्पन्न भइसकेका छन् । तीमध्ये महोत्तरी जिल्लाका छवटा गरी मधेस प्रदेशमा मात्र ८१ वटा आयोजना रहेका छन् ।

यसका अतिरिक्त भारत सरकारले महोत्तरी जिल्लाका विभिन्न अस्पताल एवं स्वास्थ्यचौकीलाई २३ वटा एम्बुलेन्स उपहारस्वरुप प्रदान गरिसकेको छ ।

एक निकट छिमेकीका रूपमा भारत र नेपालबीच बहुपक्षीय एवं बहुक्षेत्रीय सहकार्य रहेको छ । नेपाली जनताको जीवनस्तर उकास्न नेपाल सरकारले गरेका प्रयासहरूमा भारतको निरन्तर सहयोग रहेको छ ।

# सुडानबाट १३ नेपालीको उद्धार

**काठमाडौं/मस–**सुडानमा हालै विकसित परिस्थितिमा त्यहाँ रहेका नेपाली नागरिकको सकुशल उद्धार तथा घर फिर्तीका लागि कायरोस्थित नेपाली राजदूतावासको सम्पर्कमा रहेका १३ जना नेपाल आइपुगेका छन् ।




दूतावासको सम्पर्कमा रहेका ३१ जनामध्ये साउदी अरेबिया सरकारको सहयोगमा जेद्दा पुऱ्याइएका १९ जनामा १३ जना बिहीबार नेपाल आइपुगेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

६ जना रोजगारदाता कम्पनीको संयुक्त अरब इमिरेट्सको दुबइस्थित शाखामा स्थानान्तरण भएका छन् । चिनियाँ कम्पनीमा कार्यरत एक जना नेपाली नागरिकको चीन सरकारको सहयोगमा यसअघि नै उद्धार भइसकेको छ ।

अन्य १२ जना मध्ये नौ जना नेपाली नागरिक भारत सरकारको सहयोगमा बिहीबार पोर्ट सुडानबाट हवाईमार्ग हुँदै भारतको अहमदावादका लागि प्रस्थान गरेको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । स्वेच्छाले सुडानमै रहेका तीन जनामध्ये रोजगारदाता कम्पनीको प्रबन्धमा एक जना पोर्ट सुडानमा र दुई जना सुडान-इजिप्टको सीमाना नजिक सुरक्षित रहेका छन् । तीनै जना नेपाली नागरिक कायरोस्थित नेपाली राजदूतावासको सम्पर्कमा रहेका छन् ।

संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा कार्यरत नेपाली अधिकारीहरुको यसअघि नै सुरक्षित स्थानमा उद्धार भइसकेको छ ।

सुडानमा अलपत्र परेका नेपाली नागरिकको उद्धार कार्यमा परराष्ट्र मन्त्रालय तथा कायरो, रियाद र जेद्दास्थित नेपाली नियोगहरुबाट सक्रिय रुपमा समन्वय र सहजीकरण भएको छ ।

उद्धार प्रकृयामा सहयोग पुऱ्याउने छिमेकी मित्रराष्ट्र भारत, चीन र मित्रराष्ट्र साउदी अरेबिया सरकारप्रति नेपाल सरकारले धन्यवाद प्रकट गरेको छ ।

# भवन नक्सा अद्यावधिक गर्न सात हजार बढी निवेदन

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकामा मापदण्ड भएका तर नक्सा स्वीकृत नगरी भवन निर्माण गरेका सात हजार बढी निवेदकले नक्सा स्वीकृत गराउन निवेदन दिएका छन् ।

प्राप्त निवेदनमध्ये एक हजार सात सय ३५ जनाको नक्सा पास भएको छ । बाँकी निवेदकबाट नक्सा दर्ता गर्नेलगायत प्रक्रिया चलिरहेका छन् । मापदण्ड पुगेका तर नक्सा पास नगरी निर्माण भएका भवनको नक्सा पेश गर्न ९० दिनको अवधि दिएर कामपाले २०७९ भदौ २३ गते सार्वजनिक सूचनामार्फत आह्वान गरेको थियो । उक्त सूचनालाई नै आधार मानेर नक्सा अद्यावधिक गर्न निवेदन परेको हो । सहरी व्यवस्थापन विभागका प्रमुख सुरज शाक्यका अनुसार गएको साउनदेखि सहरी विकास विभागले नौ सय ६२ वटा डिपिसी स्वीकृत गरेको छ भने एक हजार सात सय ३५ वटा निर्माण सम्पन्न प्रमाण पत्र जारी गरेको छ। यस अवधिमा १० हजार स्क्वायर फिटभन्दा धेरै क्षेत्रफल भएका ७२ वटा भवनको नक्सा स्वीकृत भएका छन् । डिजिटल सिग्नेचरसहितको इलेक्ट्रोनिक विल्डिङ परमिट सिस्टम (इबिपीएस) महानगरले नक्सा स्वीकृतिका लागि प्रयोग गरेको अनलाइन प्रणाली हो ।

# श्रीमान्ले गरे श्रीमतीको हत्या

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २१ वैशाख

रुकुम पश्चिममा एक पुरुषले आफ्नै श्रीमतीको हत्या गरेका छन्। बाफिकोट गाउँपालिका वडा नं ८ का गोपाल गौतमले आफ्नै श्रीमती २७ वर्षीया जमुना गिरीको हत्या गरेका हुन् ।

दुवै जना रोजगारीको सिलसिलामा भारत हिमाचल प्रदेशको सिमलामा बस्दै आएका थिए । गत फागुन १४ गते उनले आफ्नो श्रीमतीको हत्या गरेर स्याउ बगैंचामा गाडेको हिमाचल प्रहरीले जनाएको छ ।

त्यसको दुई महिनापछि शव सडेको अवस्थामा भेटिएको हिमाचल प्रहरीको भनाइ छ। स्याउ बगैंचामा शंकास्पद बस्तु देखेपछि घर मालिकले प्रहरीलाई खबर गरेका थिए । गौतमलाई हिमाचल प्रहरीले पक्राउ गरिसकेको छ । गौतमको ४ महिनाको बच्चासमेत रहेको प्रहरीले बताएको छ ।

# फरक ब्लड ग्रुपको मिर्गौला प्रत्यारोपणमा नर्भिक सफल

**काठमाडौं/मस–** मिर्गौला प्रत्यारोपण शुरु भएको छोटो समयमै थापाथलीस्थित नर्भिक इन्टरनेशनल हस्पिटलका चिकित्सकहरुले निकै जटिल र दुर्लभ मानिएको एबीओ इन्कम्प्याटिभल रेनल ट्रान्सप्लान्टमा सफलता प्राप्त गरेका छन् ।




फरक ब्लड ग्रुपको व्यक्तिलाई फरक ब्लड ग्रुपको व्यक्तिबाट प्राप्त मिर्गौला ट्रान्सप्लान्ट गर्ने जटिल विधि नै एबीओ इन्कम्प्याटिभल रेनल ट्रान्सप्लान्ट हो । सामान्यतया मिर्गौला प्रत्यारोपणमा मिर्गौला फेल भएको व्यक्तिलाई उसैको ब्लड ग्रुपसँग मिल्ने व्यक्तिले मात्र मिर्गौला दिनसक्ने र त्यस्ता मिर्गौला मात्र प्रत्यारोपण हुँदै आएकोमा नर्भिकमा हालै फरक ब्लड ग्रुपबाट प्राप्त मिर्गौलाको जटिल मानिने प्रत्यारोपण समेत सफलतापूर्वक सम्पन्न भएको हो ।

मिर्गौला रोग विशेषज्ञद्वय डा. आरके अग्रवाल तथा डा. सुमित आचार्य र मिर्गौला प्रत्यारोपण सर्जन डा. राकेश बर्मा लगायतको टिमले निकै दुर्लभ र जटिल मानिएको मिर्गौला प्रत्यारोपण गरेको हो ।

नर्भिकमा हालसम्म शतप्रतिशत सफलतासहित ७ वटा मिर्गौला प्रत्यारोपण भइसकेको छ । त्यसमध्ये छैटौं पटकको प्रत्यारोपण निकै जटिल र दुर्लभ रहेको डा. आचार्यले बताए ।

उनका अनुसार बिरामीको मिर्गौला प्रत्यारोपण अघि र पछि उसको रगतमा एन्टिबडीको स्तर कम गर्न र दाताको मिर्गौलालाई अस्वीकार गर्ने एन्टिबडीहरूको जोखिम कम गर्नका लागि विशेष चिकित्सा उपचार विधि अपनाइएको थियो । यस उपचारमा रगतबाट एन्टिबडीहरू हटाउने (प्लाज्माफेरेसिस) गरिन्छ । सामान्य खालको मिर्गौला प्रत्यारोपणको तुलनामा यो जटिल विधि रहेकोले यसको शुल्क भने केही महँगो पर्छ ।

मिर्गौला फेल भइ नर्भिकमा उपचाररत एक ७२ वर्षीय पुरुष बिरामीलाई ६५ वर्षीया महिला दाताबाट प्राप्त मिर्गौला प्रत्यारोपण गरिएको हो । मिर्गौला प्राप्त गर्ने बिरामीको ब्लड ग्रुप 'ओ' थियो भने दाताको 'ए' थियो ।

नेपालको सन्दर्भमा यस्तो प्रत्यारोपण निकै दुर्लभ हो । 'नर्भिकको टिमले जोखिमपूर्ण मानिने यो काममा सफलता प्राप्त गरेको छ,' डा. आचार्यले भने, 'जटिल विधिबाट उपचार गरी मिर्गौला प्रत्यारोपण गरिएका व्यक्तिलाई हामीले ६ दिनमै डिस्चार्ज गरेका थियौं । उहाँको स्वास्थ्य अवस्था अहिले सामान्य छ ।'

उनका अनुसार हालसम्म नर्भिकमा मिर्गौला प्रत्यारोपण गरिएका अन्य बिरामीहरुको अवस्था पनि सामान्य रहेको छ । 'हामी शतप्रतिशत सक्सेस रेटसहित मिर्गौला प्रत्यारोपणमा नयाँ नयाँ आयाम थप्दै अगाडि बढेका छौं,' उनले भने, 'यस्ता हाइरिस्क ट्रान्सप्लान्टका लागि विदेश नै जानुपर्ने बाध्यता अब अन्त्य भएको छ । यो सबै नेपालीका लागि समेत खुसीको कुरा हो ।'

## भुटानी...

शरणार्थी प्रकरणमा तानिएकोमा असन्तुष्टि जनाएका छन् ।

एमालेका उपमहासचिव विष्णु रिमाल भुटानी शरणार्थी प्रकरणमा मुछिएकालाई उन्मुक्ति दिन नहुने बताउँछन् । कानुनभन्दा माथि कोही नहुने उनको भनाइ छ । र यस्ता घटनालाई राजनीतिकरण गर्न नहुने उनको भनाइ छ ।

'भुटानी शरणार्थी प्रकरणमा होस् वा अन्य कुनै, कानुनभन्दा माथि कोही हुँदैनन् । उन्मुक्ति कसैलाई पनि हुनुहुन्न । निर्दोष नफसुन, कोही दोषी नउम्किउन' उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'छानबिना हुनुपर्छ, छानबिनमा सबैले सहयोग गर्नुपर्छ । यस्ता घटनालाई राजनीतिकरण गर्नुहुन्न । कानुनको पालना सबैले गर्नुपर्छ ।'

## अमेरिका...

सार्वजनिक भएपछि अमेरिका जाने भनी तय भएको लिस्टमा रहेका नामहरुउपर नै अनुसन्धान गर्न लागिएको प्रहरीले जनाएको छ ।

प्रमाणित गरेर पठाएका नामहरूमा नक्कली शरणार्थी रहे तिनलाई हटाउने भनिएको छ । प्रहरी अधिकारीहरु भन्छन्, 'प्रमाणित भएका नाम भेरिफाई त गर्नुपऱ्यो नि, त्यहाँ पनि कतै नक्कली शरणार्थी छन् कि !' नक्कली शरणार्थी प्रकरणमा तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहाकार इन्द्रजित राई, तत्कालीन गृहसचिव हाल उपराष्ट्रपतिको कार्यालयमा बहालवाला सचिव टेकनारायाण पाण्डे पक्राउ परिसकेका छन् । यसका अलावा केशव दुलाल, सानु भण्डारी, सागर थुलुङ राई, टंक गुरुङ, सन्देश शर्मा पोखरेल, प्रतिक थापा र सन्दीप रायमाझी पनि पक्राउ परेका छन् । सन्दीप एमाले सचिव टोपबहादुर रायमाझीका छोरा हुन् । प्रतिक थापा तत्कालीन गृहमन्त्री बादलका छोरा हुन् ।

## टोपबहादुर...

खोजी गरिरहेको बताउँछन् । जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी कार्कीका अनुसार प्रहरीले उनको खोजी गरिरहेको छ । स्रोतका अनुसार रायमाझीको नक्कली शरणार्थी बनाउने गिरोहका सदस्य केशव दुलाल र सानु भण्डारीसँग निकट सम्बन्ध देखिएको छ । दुलाल कांग्रेस नेतृ सुजाता कोइराला परराष्ट्रमन्त्री हुँदा उनका निजी सहायक थिए । भण्डारी ललितपुरका व्यवसायी हुन् । उनीहरुले रायमाझीलाई विभिन्न स्थानमा घुमाउनेदेखि उनको छोरा सन्दीपको नाममा डेढ करोड रुपैयाँको चेक समेत काटिदिएका थिए । छोरा सन्दीपलाई पनि प्रहरीले बुटवलबाट पक्राउ गरिसकेको छ ।

## मलेसियामा...

मलेसियाका केही अर्थविद् तथा अर्थशास्त्रीहरू मलेसियन उत्पादकहरूको महासंघको रायसँग असहमत देखिएका छन् ।

मलेसियन भ्रष्टाचार विरोधी आयोग (एमएसीसी)ले विदेशी कामदारको एप्रुभलका विषयमा छापा मार्ने र मन्त्रीको बयान लिन थालेपछि विदेशी कामदारको एप्रुभल केही ढिला हुने आशंका गरिएको छ ।

## थाइल्याण्ड...

वैदेशिक रोजगार विभागमा उजुरी परेको थियो । सोही उजुरीका आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरीले जनाएको छ । यसैबीच वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिन्छु भन्दै तीन लाख ४२ हजार रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले खोटाङको दिक्तेल नगरपालिका वडा नं १० पाथेका स्थायी घर भई हाल कोटेश्वर बस्ने सुरज राईलाई पक्राउ गरेको छ । उनले गोविन्द वि.सी.लाई वैदेशिक रोजगारीका लागि पोर्चुगलमा होटेलमा काम लगाइदिने र मासिक एक लाख रुपैयाँभन्दा बढी तलब हुने प्रलोभन देखाएर पटक-पटक गरी ३ लाख ४२ हजार रुपैयाँ लिएको प्रहरीले जनाएको छ ।

## उपलब्धिविहीन...

अघि बढाएन । यता, नेपाल विश्वविद्यालय विधेयक, राष्ट्रिय मर्यादासम्बन्धी विधेयक र कोभिड- १९ संकट व्यवस्थापन विधेयक भने दफावार छलफलका लागि समितिमा पठाइएको छ । एकअर्काप्रति आरोप र मन्त्रीहरुको सतही जवाफले सदन नियमित प्रक्रिया पूरा गर्ने थलो मात्रै बनेको छ । तरपनि, सरकार र सांसदहरु आफ्नो भूमिका कुशलतापूर्वक निर्वाह गर्न जिम्मेवार नै देखिदैंनन् ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई
जनकपुरधाम, धनुषा

बोलपत्र स्वीकृतिको आशय सम्बन्धि सूचना

प्रकाशन मितिः २०८०/०१/२२

यस इकाईबाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Name and address of bidder | Bid amount (w/o VAT) |
|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha /Works/NCB/44-2079/80 | Urban Infrastructure Construction works at Balara Municipality, Sarlahi. | **Dinkar Construction Pvt. Ltd, Malangwa-02, Sarlahi** | **53,49,684.90** |

# बाजुराका ६९ मध्ये ५३ वडा सचिवविहीन

**अनिल शाही/मध्यान्ह**
बाजुरा, २१ बैशाख

बाजुराका ६९ वडामध्ये ५३ वडा कार्यालय सचिवविहीन भएका छन् । नौ वटा पालिका रहेको बाजुरामा ६९ वडा रहेका छन् । तीमध्ये १६ वटा वडा कार्यालयमा मात्र सचिव छन् ।

वडा सचिव नभएका वडाहरुमा गाउँपालिकाका प्राविधिक र अन्य कर्मचारीले सेवा दिइरहेका छन् । कतिपय ठाउँमा एक जना वडा सचिवले दुई/दुई वटा वडा कार्यालय हेर्नुपर्ने बाध्यता छ ।

जिल्लाको हिमाली गाउँपालिका र जगन्नाथ गाउँपालिकामा एक जना पनि वडा सचिव छैनन् । ७ वटा वडा रहेको हिमाली र ६ वटा वडा रहेको जगन्नाथका कुनै पनि वडामा वडासचिव छैनन् । गाउँपालिकाका केही वडामा सचिव भएपनि कर्मचारी समायोजनमा घरपाई सरुवा भएर गएपछि दरबन्दी रिक्त रहेको जगन्नाथ गाउँपालिकाका सूचना अधिकारी राजेन्द्र प्रसाद जोशीले बताए । उनले सबै वडा सचिवविहीन बनेपछि प्राविधिक फाँटका अहेव र अनमीलाई जिम्मा दिएर सेवा सञ्चालन गरिएको बताए । वडा सचिव नहुँदा जन्म, मृत्यु बसाईं सराई जस्ता सामान्य काम प्रशासनका कर्मचारीमार्फत गाउँपालिकाबाट हुने गरेको हिमाली गाउँपालिकाका सूचना प्रविधि अधिकृत सागर रोकायाले बताए ।

त्यस्तै त्रिवेणी नगरपालिका सबै वडामा पनि वडा सचिव छैनन् । नौं वटा वडा रहेको नगरपालिकाका कुनै पनि वडामा वडा सचिव नभएका निमित्त प्रमुख प्रशासकीय अधिकृत चिरन्जीवी शाहले जानकारी दिए । उनले वडा सचिव नहुँदा प्राविधिक क्षेत्रका स्वास्थ्य, कृषि र भेटेनरी तर्फका कर्मचारीबाट सेवा प्रवाह हुँदै आएको बताए ।

स्वामीकार्तिक खापर गाउँपालिकाका ५ वडामध्ये ३ र ४ बाहेक अन्य वडा कार्यालय सचिव विहीन छन् । वडा नं १, २ र ५मा वडा सचिव नहुँदा सेवा प्रवाहमा समस्या भएको प्रशासन शाखा प्रमुख कुमेर बहादुर शाहीले बताए । सचिव विहीन रहेका वडामा प्राविधिक तर्फका स्थायी कर्मचारी सभओभरसियरबाट सेवा दिने गरिएको उनले बताए । गाउँपालिकाका केही वडामा लामो समयदेखि सचिवविहीन भएको प्रदेश लोक सेवा आयोगलाई जानकारी गराएपनि पदपूर्ति हुन नसकेको शाहीले बताए ।

१० वटा वडा रहेको बुढीनन्दा नगरपालिकामा दुई जना मात्रै वडा सचिव छन् । यसअघि तीन जना वडा सचिव भएपनि एक जना बढुवा भएर जिल्ला प्रशासन कार्यालय बाजुरा गएपछि दुई जना वडा सचिव मात्रै रहेको नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सन्तोष शाहले बताए । लामो समयदेखि नगरपालिकामा दरबन्दी अनुसारका वडा सचिव नहुँदा सेवा प्रवाहमा कठिनाई भएको अवस्थामा दुई जना वडा सचिवबाट सबै वडाको कामकाज हुँदै आएको छ ।

केही पालिकाको जिम्मेवारी छदैछ, त्यसैमा वडाको जिम्मेवारी



थपिँदा कामको चाप बढेको अवस्थामा प्रयाप्त जनशक्ति नहुँदा समस्या भएको अधिकृत शाहीले बताए । दुई जना वडा सचिवले दश वटै वडाको कामकाज गर्नुपर्ने बाध्यता भएपनि व्यक्तिगत कार्यले विदामा रहँदा असहज हुने गरेको शाहले बताए ।

जिल्ला सदरमुकाम समेत रहेको बडिमालिका नगरपालिकाका पाँच वटा वडा लामो समयदेखि वडासचिव विहीन छन् । नगरपालिकाका नौं वटा वडामध्ये चार वडामा वडा सचिव भएपनि अन्य पाँच वडामा सचिव नभएको निमित्त प्रमुख प्रशासकीय अधिकृत रंगमल वि.कले बताए । उनका अनुसार वडा नं.४, ७, ८ र ९ मा वडा सचिव भएपनि एक, दुई, तीन, पाँच र ६ मा वडा सचिव छैनन् । वडा सचिव नभएका केही वडामा प्राविधिक स्थायी कर्मचारीबाट सेवा दिने गरिएको र केही वडामा अन्य वडाका वडा सचिवलाई थप जिम्मेवारी दिइएको उनले बताए ।

गौमुल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदिश प्रसाद भट्टले पालिकाका केही वडामा वडा सचिव नभएको बताए । गाउँपालिकाका ६ वटा वडा मध्ये ४, ५ र ६ मा वडा सचिव भएपनि १, २ र ३ मा वडा सचिव नभएका बताए । उनले कर्मचारी अपुग भएको र कामको चाप बढेकाले वडा नं.३ का वडा सचिवलाई गाउँपालिकामा बोलाउनु पर्दा वडा नं.३ सचिव विहीन बनेको बताए । वडा सचिव नभएका वडामा प्राविधिक कर्मचारीबाट सेवा दिने गरिएको उनले बताए ।

त्यस्तै ७ वटा वडा रहेको खप्तड छेडेदह गाउँपालिकामा ३ वटा वडामा मात्रै वडा सचिव छन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णराज जोशीका अनुसार वडा न.१ , ५ र ६ मा वडा सचिव छन् भने २, ३, ४ र ७ मा वडा सचिव छैनन् । उनले दरबन्दी अनुसारका कर्मचारी नहुँदा भएका कर्मचारीबाट काम चलाउने काम भएको बताए ।

बुढीगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र नाथले नगरपालिकाका २ वडा बाहेक अन्य वडामा वडा सचिव नभएको बताए । उनका अनुसार १० वटा वडा रहेको नगरपालिकामा वडा नं.४ र ५ बाहेक अन्य १, २, ३, ६, ७, ८, ९ र १० मा वडा सचिव छैनन् । वडा नं.१० मा कम्प्युटर अफरेटर र अन्य वडामा भएका वडा सचिवबाट कामकाज गर्ने गरिएको उनको भनाइ छ । कुनै कुनै ठाउँ त एक जना वडा सचिवले २/२ वडा कार्यालय हेर्नुपर्ने बाध्यता रहेको समेत उनले बताए । स्थानीय तहमा वडा सचिवसहित दरबन्दी अनुसारका कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या थपिँदै आएको छ । लामो समयदेखि वडा सचिव विहीन बनेका बाजुराका सबै स्थानीय तहले समयमा कर्मचारी नपाउँदा कामकाजमा असहज भएको बताएका छन् । प्रदेश लोक सेवा आयोगबाट दरबन्दी अनुसारका स्थायी कर्मचारीको व्यवस्थापन नहुँदा समस्या भएको जनप्रतिनिधिको गुनासो छ ।

त्यसैमा सुदरपश्चिम प्रदेश सरकारले समयमा आयोग खोल्न नसक्दा कर्मचारी पदपुर्ति हुन नसकेको जनप्रतिनिधिको गुनासो छ । दरबन्दी रिक्त रहेको ठाउँमा पदपूर्तिका लागि स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा विवरण पठाए पनि आवश्यक कर्मचारी पाउन सकिरहेका छैनन् ।

## भुल सुधार

मध्यान्ह दैनिकको २०८० बैशाख १४ गते विहिबारको अंकको ९ औं पृष्ठमा प्रकाशित सूचनामा उदयपुर जिल्ला त्रियुगा गाउँ देउरी वडा नं ५ बस्ने भारतिय आर्मी नम्बर JC623139f हुनु पर्नेमा अन्यथा भएकाले सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

# गाउँमै सामाजिक सुरक्षा भत्ता

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २१ बैशाख

हुम्लाको चीनसँग जोडिएको लिमीका स्थानीयले गाउँमै सामाजिक सुरक्षा भत्ता पाएका छन् । नाम्खा गाउँपालिकाका कर्मचारी र बैंकका कर्मचारी गएर हातमै सामाजिक सुरक्षा भत्ता दिएका वडा ६ लिमीका वडा अध्यक्ष पालजोर तामाङले जानकारी दिए ।

गाउँपालिकाबाट दस जनाको टोली लिमी गाउँमै गएर २ सय जनालाई सामाजिक सुरक्षा भत्ता दिएको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागका कर्मचारी पेमा छिमेल लामाले बताए ।

लामाका अनुसार वैशाख १३ गते गाउँपालिका केन्द्र याल्माङबाट



तीन जना, सिटिजन्स बैंकका कर्मचारी, तीन जना गाउँपालिका कर्मचारी र तीन जना नेपाल प्रहरीको टोली गएर वडा अध्यक्ष तामाङको रोबरमा सामाजिक सुरक्षा वितरण गरिएको हो ।

२०७८ र २०७९ को सामाजिक सुरक्षा भत्ता पालिका केन्द्रमा रहेको सिटिजन्स बैंकमा हाले पनि उक्त गाउँबाट सामाजिक सुरक्षा भत्ता लिन गाह्रो हुने र हिउँदमा हिउँले आउनै नसकेपछि बर्खा लागे लगत्तै कर्मचारीको टोली गाउँमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिएको नाम्खा गाउँपालिका उपाअध्यक्ष तक्दिर लामाले बताए ।

उपाध्यक्ष लामाले पटक-पटक भत्ता लिन आउनको लागि परिपत्र पठाउँदा पनि आउन नसकेपछि लिमीका तीन गाउँ तिल,जाँग र हल्जी गाउँमा गएर भत्ता वितरण गर्नु परेको बताए ।

सिटिजन्स बैंक र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागसँग अनुरोध गरेर बैंक कर्मचारी नै लिमी गाउँ-गाउँ पुगी भत्ता वितरण गर्नु परेको नाम्खा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मोहन बहादुर शाहीले जानकारी दिए । पालिका केन्द्रबाट दूई वटा ठूला लोक नारा र न्यालु काटेर करिब तीन दिनको पैदल यात्रा गरेर भत्ता दिएको गाउँपालिका केन्द्रले जनाएको छ ।

# २ सय २७ किलो गाँजासहित २ जना पक्राउ

**सुनसरी/मस–** सशस्त्र प्रहरी बल (एपीएफ)ले २ सय २७ किलो गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । बिहीबार सुनसरीको धरान उपमहानगरपालिका-१३ शिवधारास्थित कोशी राजमार्गबाट २ सय २७ किलो गाँजासहित दुई जनालाई पक्राउ गरिएको एपीएफका सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

पक्राउ पर्नेमा चालक धनकुटाका ३४ वर्षीय चन्द्र थापा क्षेत्री र सहचालक तेह्रथुमका २८ वर्षीय चुडामणि कटुवाल छन् । सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस धरानले धनकुटाबाट इटहरी जाँदै गरेको प्रदेश १-०२-००१ ख ९४८९ नम्बरको ट्रकलाई चेकजाँच गर्दा उक्त ट्रकमा ८ वटा पोका पारेको २ सय २७ किलो ४ सय ग्राम गाँजा बरामद भएको डिएसपी थापाले जानकारी दिए । उनीहरूबाट ६० हजार नेपाली रुपैयाँ, ४ वटा मोबाइल सेट, बाटोको इजाजत पत्र र सवारी दर्ता प्रमाणपत्रसमेत बरामद भएको छ । नियन्त्रणमा लिइएका उनीहरूलाई ट्रक, गाँजा र बरामद सामग्रीसहित आवश्यक कारबाहीको लागि ईलाका प्रहरी कार्यालय धरानमा बुझाइएको डिएसपी थापाले बताए ।


## VACANCY ANNOUNCEMENT

HUAWEI

**Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions**

**Position:**

Project Quality Assurance Specialist

**No. of Person required:** 1

**Job Responsibilities:**

- Responsible to handle delivery projects with profound knowledge about project management.
- Provide support and guide junior managers/team leaders to ensure project is delivered within stipulated timeline and budget. Successfully help the project team to overcome difficulties and keep the project operation on the right track.
- Responsible for the day-to-day management of Operation & Quality of telecom networks, mainly responsible for developing network operation and assure processes and manage regulation
- Instruct and supervise each project management, and analyzing the network operation quality, etc.
- Formulate project management regulations ensure the compliance of the same by all related personnel.
- Ensure the compliance of relevant regulations of Customers & Huawei.
- Make the project team understand the SOW, make feasible plans to coordinate with related department to fulfill the Service Contracts.
- Communicate & Coordinate with Head office as and when required.

**Requirements:**

- Bachelor's degree in any discipline.
- Minimum 5 Years of working experience in the field of telecommunication handling similar job role.
- Familiar with telecom terminologies, product categories and project quality management.
- Learning forwardly, active and able to work under high pressure;
- Good presentation, collaboration, communication and interpersonal skills.
- Good Proficiency in English Language both spoken and written.
- Ability to speak and write Chinese language will be an added advantage.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at nepal@huawei.com by 11th May, 2023. Preference will be given to Nepalese citizens.**


## बारबर्दिया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**जयनगर, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### प्राविधिक प्रस्तावबाट छनौट भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोल्ने सूचना

**सूचना प्रकाशित मिति : २०८०/०१/२२**

यस बारबर्दिया नगरपालिका कार्यालयबाट मिति २०७९/११/०९ मा विद्युतिय बोलपत्र आव्हानका लागि प्रकाशित सूचना अनुसार पेश हुन आएका प्राविधिक प्रस्तावहरु खोलि सार्वजनिक ऐन, २०६३ को दफा २३ तथा नियमावली, २०६४ को नियम ५९, ६०, ६२, ६३ र ६५ बमोजिम परीक्षण गरी योग्यताका सबै आधारमा पुर्ण देहाय बमोजिमका सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८०/०१/२९ गतेका दिन बिहान १० बजे बारबर्दिया नगरपालिका कार्यालयमा खोलिने भएको हुँदा उपस्तित हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | बोलपत्र ठेक्का नं. | पुर्ण बोलपत्रदाताहरु |
|---|---|---|
| १. | BMO/NCB/Work -13/2079/080 | N.S.T. Construction Pvt.Ltd. Nepalgunj, Banke |
| २. | | Nagarik Energy Development Company Pvt.Ltd., Barabrdiya – 9, Bardiya. |
| ३. | | Kaligandaki-Debit JV, Nepalgunj, Banke. |

**प्रमुख प्रशासकीय अधिकृत**

## अरुण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**प्याउली, भोजपुर**

### आशयको सूचना

**(प्रकाशित मिति : २०८०/०१/२२)**

प्रस्तुत सन्दर्भमा यस कार्यालयको आ.व २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार यस कार्यालयबाट मिति २०८०/०१/०४ गतेको प्रकाशित दोस्रो सूचना बमोजिम ठेक्का न. SQ/02/EW/ARUN/079/080 (Arun Naadi Barahapokhari Lift Khanepani Electrification) कार्यको E– Bidding मार्फत पेश हुन आएका बोलपत्रहरुबाट मुल्यांकन गर्दा तपशिल बमोजिमको फर्मले कबोल गरेको रकम सबै भन्दा घटी भएको र मुल्यमा तात्विक फरक नपरेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को १ बमोजिम तपशिलको फर्मले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र ३ बमोजिम कार्य प्रकिया अगाडी बढाउन ७ दिने आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरेको व्यहोरा अनुरोध छ ।

| सि.न. | योजनाको नाम | ठेक्का नं. | फर्मको नाम/ ठेगाना | कबोल रकम जम्मा | लागत अनुमान भन्दा घटि प्रतिशत |
|---|---|---|---|---|---|
| १ | Arun Naadi Barahapokhari Lift Khanepani Electrification | SQ/02/EW/ ARUN/079/080 | Karki Nirman Sewa | रु १९,००,५५११५ | १.०१% |

**नि. प्रमुख प्रशासकीय अधिकृत**




मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ वैशाख २०८०, शुक्रबार
5 May 2023, Friday

## सम्पादकीय

# निष्कर्षमा पुग्नैपर्ने अनुसन्धान

नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै रकम अशुल गर्ने गिरोहमा संलग्न रहेको आशंकामा बहालवाला सचिव सहित उच्च नेतृत्व तानिएको छ । बुधबार जिल्ला अदालत काठमाडौंले पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझीलाई प्रक्राउ पूर्जी जारी गरेको छ । तर बिहीबार साँझसम्म रायमाझी पक्राउ परेका छैनन् । रायमाझीका छोरा सन्दीप बुधबार साँझ पक्राउ परिसकेका छन् । रायमाझी नेकपा एमालेका केन्द्रीय सचिव समेत हुन् । एमालेकै उपाध्यक्ष रामबहादुर थापा बादलका छोरा प्रतीकलाई पनि पक्राउ पूर्जी जारी गरिएको छ । थापा गृहमन्त्री हुँदा उनका सुरक्षा सल्लाहकार रहेका इन्द्रजित राई मंगलबार नै पक्राउ परेका छन् । इन्द्रजितका छोरा निरजलाई यो प्रकरणमा संलग्न रहेको भन्दै पक्राउ पूर्जी जारी गरिएको छ । तत्कालीन गृह सचिव टेकनारायण पाण्डे पक्राउ परिसकेका छन् ।

पाण्डे, उपराष्ट्रपति कार्यालयका सचिव हुन् । बहालवाला सचिवसहित उच्च राजनीतिक नेतृत्व तानिएको यो प्रकरण अहिले आमचासोको विषय बनेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले बिहीबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटिसकेका छन् । तर यो भेटका क्रममा ओलीले यो प्रकरणमा एमाले नेताहरू तानिएकोमा आशंका गरेका छन् । प्रक्राउ पूर्जी जारी गरेर भएको प्रचारले षडयन्त्र भएको आशंका जन्मिएको ओलीको भनाइ छ । गृहमन्त्री एवम् उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले भने यो घटनाका दोषी उम्कन नपाउने यसअघि बताइसकेका छन् । अमेरिका पठाइदिने भनेर ८७५ जनाबाट १० लाखदेखि ५० लाखसम्म पठाउने गिरोहसँग जोडिएका कसैलाई नछोड्ने गृहमन्त्रीको अभिव्यक्तिजस्तै अनुसन्धान प्रक्रिया प्रहरीले अगाडि बढाएको छ ।

संभवतः मान्छे विदेश पठाउन भनेर रकम अशुल्ने प्रवृत्तिको यो प्रतिनिधि घटना समेत भएकाले आमचासो यसतर्फ गएको छ । यो घटना कसरी अगाडि बढ्छ भन्ने कुराले अरू घटनाको न्यायिक सम्पादनमा समेत असर पर्ने देखिन्छ । तर यो घटना निष्कर्षमा नपुग्ने आशंका पनि उत्तिकै छ । किनकि पूर्व उपप्रधानमन्त्रीदेखि पूर्व गृहमन्त्रीका छोरा, उनका सल्लाहकार र मन्त्रालयकै सचिव जोडिएकाले अनुसन्धान प्रभावित हुने आशंका स्वभाविक छ । राजनीतिक शक्ति सन्तुलन कायम राख्न पनि नेतृत्वबीच मिलेमतो हुन सक्ने अनुमान गरिदैछ । तर मुलुकमा सुशासन कायम गर्न समेत यो प्रकरण निष्कर्षमा पुग्न आवश्यक छ । सँगै, ओलीले गरेजस्तो आशंका उत्पन्न हुने ठाउँ पनि रहनु हुँदैन ।

# लुम्बिनी सबैको चासो र गुनासो

*तीन तहको सरकार छ । तीनै तहको सरकारले आवश्यक पर्दा लुम्बिनीको नाम भजाउन छोड्दैनन्, तर कार्यगत योजनामा खासै समन्वय देखिँदैन । जहिले पनि लुम्बिनीमा स्थानीयसँगको सहकार्य र सहमति बिना नै धेरै काम हुन्छन् ।*

अग्रलेख




● डा. उद्धव पुरी

गौतम बुद्धको जन्मस्थल लुम्बिनी र उनीसँग सम्बन्धित स्थलहरुको विकास र बौद्ध आर्दशलाई बढी प्रभावकारी बनाउने उद्देश्यले लुम्बिनीमा लुम्बिनी विकास कोषको स्थापना गरिएको हो । कपिलवस्तुमा रहेका तिलौराकोटलगायतका स्थानहरु, रूपन्देहीमा रहेको देवदह र नवलपरासीमा रहेको रामग्राम समेतको उत्खनन्, संरक्षण र विकास उसको मुख्य जिम्मेवारी हो । कोष त्यसबेलादेखि आजसम्म त्यसैमा लागिरहेको छ । यो समय भनेको आधा दशकभन्दा बढीको समय हो । यससँग सम्बन्धित धेरै मन्त्री, पदाधिकारी र कर्मचारीहरु यो संसारबाटै बिदा भैसके । कति अवकाश जीवन बिताइरहेका छन् । कतिको जीवनशैली यसैले परिवर्तन गराइदिएको छ भने केही व्यक्तिहरु यी क्षेत्रको विकासको तीव्रताका लागि केही होस् भन्ने चाहिरहेका छन् । तर, देश विदेशको सद्भाव र लगानीको अधिकांश भाग ती स्थानका केन्द्रदेखि स्थानीय तहसम्म चुहिँदै चुहिँदै र लहडीरूपमा कछुवाको गतिमा बामे सरिरहेको छ ।

लुम्बिनी विकासको गुरुयोजना नै कोषको लागि राज्यको ठूलो लगानी भएको काम हो । जुन गुरुयोजना सन् १९७८ देखि कार्यान्वयनमा आएको मान्नुपर्छ । हालसम्म यो अवधि करिब ४५ वर्षको भयो । संयुक्त राष्ट्र संघसमेत जोडिएको लुम्बिनीको गुरुयोजना संसारमै सफल मानिएका वस्तुविद् केन्जो टागेले तयार पारेका थिए । जुन गुरुयोजनाले भित्र एक/एक माइलमा विभाजन गरी तीन माइलमा समेटिएको थियो । संक्षिप्तमा बुद्ध जन्मस्थल रहेको पुरातात्विक क्षेत्रलाई पवित्र उद्यानका रूपमा उत्खनन् र संरक्षणमात्र गर्ने भनी तय गरिएको थियो । दोस्रो एक माइल बिहार क्षेत्रको रूपमा बौद्ध धर्मका दुई सम्प्रदायका बेग्ला-बेग्लै स्थान निर्धारण गरी बौद्ध धर्ममा आस्थावान देशहरुका लागि बिहार निमार्ण गर्न तय गरिएको थियो । बाँकी एक माइल नयाँ लुम्बिनी गाउँ भनी कार्यालय र अन्य आवश्वकीय गतिविधिका लागि तय भएको थियो । त्यस बाहिर भविष्यका लागि विस्तार गर्न बफर जोनका लागि स्थान छुट्टाइएको थियो । यस अतिरिक्त कोषको दायित्व भनेको कपिलवस्तु क्षेत्र, देवदह र रामग्रामको उत्खनन्, संरक्षण र विकास हो । टांगेले त्यसबेलाको अनकन्टार अवस्थाको स्थानमा आफ्नो टिमसहित बुद्ध शिक्षाको मर्मलाई समाहित गरी आफू पनि कार्य क्षेत्रमा खटिएर बनाएको गुरुयोजना आफूले बनाएको अन्तराष्ट्रिय गुरुयोजनाहरुमा उत्कृष्ट मानेका थिए । जुन समयमै सकिएला र त्यसको आनन्द लिन पाउँला भन्ने सोचेका थिए । तर, उनी निराश भई यो संसार छोडेको पनि केही वर्ष बितिसकेको छ । झण्डै ११५० बिगाहभन्दा बढी स्थानीय भूमि अधिकरण भएको उक्त क्षेत्रका बिस्तापित बासिन्दाका पनि तेस्रो पुस्ता बुढो हुन लागिसके । उनीहरुको पनि आफ्नो पुर्खौली भूमि पूर्णरूपमा सदुपयोग भएन भन्ने गुनासो छ ।

राजा महेन्द्रको उल्लेखनीय देन रहेको लुम्बिनीका विकासको थालनी वि.सं. २०४६ सालसम्म दरबारकै हालिमुहालीमा चल्यो । हुनत त्यसले त्यसबेलाको प्रारम्भिक चरणको काम गर्न सहज पनि भयो । गुरुयोजनाका कामहरु योजना मुताबिक पनि चले । तर, त्यसपछि राजनैतिक भागबण्डाको चपेटामा लुम्बिनी पर्न थाल्यो । लुम्बिनी र योजना जान्ने मानिसभन्दा पनि जात र थरको आधारमा पदको भागवण्डा भयो । जान्नेभन्दा नजान्नेहरुको झुण्ड कोषको जिम्मेवार पदमा पुगे । यता केन्द्र सरकारको चपेटामा पनि गुरुयोजना पर्न थाल्यो । करिब-करिब सबै सरकारको पालामा र धेरै पदाधिकारीहरुले गुरुयोजनाका बिपरित धेरै कुरा बनाउन दिए । केवल एक/दुई मन्त्रीमात्र यस्ता थिए जसले गुरुयोजना विपरित कार्य गर्न दिएनन् । तर, उनीहरु जात र धर्ममा बौद्ध थिएनन् । बुद्धका नाममा राजनीति गर्नेहरुले संसार खस्ने जसरी बिरोध पनि गरे । अहिले उत्खनन् र संरक्षणका विपरित तीनै माइलको क्षेत्रमा गुरुयोजना बिपरितका धेरै काम भएका छन् । गुरुयोजनाको एउटा चरण नै पूरा नहुँदै गुरुयोजना नै परिवर्तन भएको छ । सुरुको गुरुयोजना र केन्जोको व्याख्यालाई परिवर्तन गरिसकिएको छ । हाल बाहिर आएको र पुरानोलाई राखेर हेर्दा जो कोहीले पनि भेद हेर्न र देख्न सक्दछ । एकथरिले त भन्न थालेका छन् पूर्वयोजनाअनुरूप काम गर्ने हो भने तीनै माइलमा बनेका योजना बिपरितका संरचनाहरुलाई मिलाउन र हटाउन सम्पूर्ण गुरुयोजनाको खर्च लाग्न सक्नेछ । लुम्बिनीको विकासमा अदृश्य तगारो बन्नेहरुको स्वदेशी र विदेशीसमेतको एक समूह गुरुयोजनालाई समय सान्दर्भिक बनाउन पर्छ भन्दै नयाँ-नयाँ प्रसंगमा दरिलो आवाज बनाउँदै हिँडेका पनि छन् ।



*लुम्बिनीको विषयमा बेला-बेलामा देखिएको खिचातानी देख्दा केही बौद्धमार्गीमा शीलको मात्रा शून्य पो हो कि भन्ने लाग्छ । बुद्ध शिक्षा र शीलको व्यापकतामा नेपाल सरकारको र कोषका लागि थप दायित्व पनि हुनुपर्छ भन्ने देखिन्छ । यो कार्य धर्म परिवर्तनसँग जोडिने कार्य होइन । बुद्धको मध्यम मार्गको अर्थ तेस्रो धर्म वा तेस्रो मार्ग पनि होइन । यो विश्व शान्ति, सुख र स्नेहभावको सहकारिता हो ।*

बिहार क्षेत्र र त्यहाँ बस्ने भिक्षु र सहयोगीहरुको पनि नयाँ गुनासो थपिँदै छ, जुन कोषका अयोग्य पदाधिकारीका कारण सिर्जना भएको मान्नुपर्छ । उनीहरुले पाउने भिसा पूर्ववत व्यवस्थाभन्दा ज्यादै अव्यवहारिक र अव्यवस्थित भएको छ । अहिले भिक्षुहरुले सम्मानजनक भिसा पाउँदैनन् । अहिले उनीहरु कामदारमा परिणत भएका छन् । यस पटक त कतिले निःशुल्क भिसासमेत पाउन सकेनन् । जुन आगामी वर्षका लागि थप जटिलता निम्त्याउने गरी भएका छन् । अहिले पाएको भिसा विधिले उनीहरुलाई लामो समयसम्म पनि बस्न दिँदैन । अहिलेको प्रविधियुक्त युगमा पनि गृह मन्त्रालयको सीमा शाखा बाहेक कोष र मन्त्रालयदेखि अन्य निकायले खासै सुधार गरेका छैनन् । व्यक्ति विशेषको परिवर्तनसँगै जटिलता थपिएको छ । कोषका पदाधिकारीहरुको यस विषयमा असक्षमताको प्रर्दशन भइरहेको छ । भिसा प्राप्तिका लागि केही बिहारबाट हुने चलखेल कोषले छानबिन गरी रोक्न नसक्दा पनि केन्द्रमा त्यसको गलत सन्देश गएको छ र सबैलाई त्यही नजरले हेर्ने प्रचलन छ । सम्बन्धित मन्त्रालयका मन्त्री कोषको अध्यक्ष हुने पदीय व्यवस्था भएको र सम्बन्धित सचिव कार्यान्वयन पक्षमा जिम्मेवार हुने भएकाले सुन्ने र गर्नेभन्दा पनि विषयलाई आफैले बुझ्ने र निर्देशन गर्ने परिपाटी हुनु समस्याको दीर्घकालीन समाधान हुन सक्ला भन्ने देखिन्छ ।

लुम्बिनी बाहिरका होटेल व्यवसायीहरु पनि आफ्नो लगानीको प्रतिफल नपाउँदा निरास छन् । लुम्बिनीभित्र अधिकांश विहारहरुले गुरुयोजना र नेपाल सरकारको मूल भावना विपरित पूजापाठ र ध्यानमा भन्दा पनि बढी लज र होटेलको व्यवसाय सञ्चालन गरिरहेका छन् । त्यसका लागि नवनिर्माण कार्यहरु थपिएका छन् । जुन गतिविधि बाहिर हुनुपर्ने थियो । यो सुरुदेखिकै समस्या बनिरहेको छ । त्यसैले लुम्बिनी पुगेका सर्वसाधारणहरुले धेरै प्रकारका असहजता झेल्न परिरहेको छ । लुम्बिनी विकासका लागि लुम्बिनीबाटै हुनसक्ने मनग्य आम्दानीको ढोकाहरु लुकाएर र बन्द गरेर लुम्बिनी पत्ता लागेको १२७ वर्षभन्दा बढी समय बितिसक्दा पनि उल्लेख्य सुधार हुन सकेको छैन ।

अहिले त तीन तहको सरकार छ । तीनै तहको सरकारले आवश्यक पर्दा लुम्बिनीको नाम भजाउन छोड्दैनन् । तर, कार्यगत योजनामा खासै समन्वय देखिँदैन । जहिले पनि लुम्बिनीमा स्थानीयसँगको सहकार्य र सहमती बिना नै धेरै काम हुन्छन् । बेला-बेलामा सामान्य विवादले पनि उग्र रूप लिएको देखिन्छ । अहिले त उक्त क्षेत्रमा नगरपालिका पनि छ, उसले त्यसलाई प्रमुख केन्द्र मानेर अगाडि बढ्न सक्नुपर्दछ । किनभने स्थानीयको अपनत्वले धेरै काम हुन्छ र धेरै समस्याहरु स्थानीय तहबाटै समाधान हुनसक्छ ।

अहिले मायादेवी मन्दिर परिसरभित्र प्रवेशमा विभिन्न नामको शुल्क निर्धारण गरिएको छ । हुनत यो सधैं विवादित छ । यसलाई जायज बनाउने वातावरण सरकारले गर्न सकेको छैन । आस्था र पवित्रताको अर्थमा पनि यो धेरैलाई अस्वीकार्य नहुन सक्छ । पर्यटकका लागि त्यो सामान्य कुरा हुन जान्छ । आम्दानीको यो स्रोत पवित्र उद्यान र विहार क्षेत्रमा समेट्न सकिन्छ । तर, कोषले त्यसको व्यवस्थापन गर्न जान्न र सक्नुपर्छ । जुन अहिले हुन सकिरहेको छैन । लुम्बिनीभित्र हुने गैरधार्मिक गतिविधि वा अदृश्य व्यवसायलाई करको दायरामा ल्याउनुपर्छ । जहाँ पैसाको लेनदेन हुन्छ, त्यहाँबाट सरकारले आम्दानी पनि पाउनुपर्छ । कोषले पनि कम्तिमा आत्मनिर्भताको बाटो बनाउन थाल्नुपर्छ । लुम्बिनी बाहेक कपिलवस्तु, देवदह र रामग्रामको विकासमा केन्द्र सरकारबाट हुने उत्खनन् र संरक्षणका काम बाहेक अरुमा कोष र स्थानीय सरकारहरुको पनि लगानी बढाएर सुविधा थप्न सके दुबैले आम्दानी बढाउन सक्दछन् ।

विगत केही वर्षदेखि लुम्बिनीमा बाँदर समस्या बढिरहेको छ । जुन पहिले थिएन । यसले लुम्बिनीको सुन्दरतामा कुनै सहयोग पुऱ्याएको छैन । कोषको पूर्ववत् आम्दानी र बिहारहरुको सामान्य आत्मनिर्भातालाई अव्यवस्थित बनाइरहेको छ । दुर्घटना र स्वास्थ्य समस्यासमेत बढ्दै गएको छ । यो समस्या बाहिरका स्थनीयहरुका लागि पनि बढ्न थालेको छ । अन्य जनावर र पन्छीहरुका लागि पनि यो समस्या नै बन्नेछ । जसको समयमै उचित व्यवस्थापन गर्न आवश्यक भैसकेको छ ।

सामान्यतयाः मानिसहरु बिरोधका लागि बिरोध र सर्मथनका लागि अन्धभक्त समर्थक बन्दछन् । त्यस्ता कुरामा विश्वस्थ नहुनेको सख्या बढ्नु पर्दछ । स्थानीय तहदेखि केन्द्रसम्मको बढ्दो राजनैतिक हस्तक्षेत्र, बौद्ध र अबौद्धको छिनाझप्टी अनि कोषभित्रको गन्जागोल बुद्धको शिक्षा शान्ति, सद्भाव र सहकार्यभन्दा अत्याधिक बाहिर पुगेको छ । अरु धर्ममा जस्तो अनुयायी र भीडको कहिल्यै परिकल्पना बुद्धले गरेनन् । उनले आफ्नो शिक्षा वा देशना अन्धसोचका लागि दिएनन् । उनले शीलको पालना त्यतिखेर गर, जतिखेर तिमीले त्यसलाई व्यवहारमा परिक्षण गरी कल्याणयोग्य लाग्छ भनेका छन् । त्यसैले बुद्ध भक्तभन्दा पनि बुद्ध शीलको व्यापकताको आवश्यकता छ । लुम्बिनीको विषयमा बेला-बेलामा देखिएको खिचातानी देख्दा केही बौद्धमार्गीमा शीलको मात्रा शून्य पो हो कि भन्ने देखिन्छ । बुद्ध शिक्षा र शीलको व्यापकतामा नेपाल सरकारको र कोषका लागि थप दायित्व पनि हुनुपर्छ भन्ने देखिन्छ । यो कार्य धर्म परिवर्तनसँग जोडिने कार्य होइन । बुद्धको मध्यम मार्गको अर्थ तेस्रो धर्म वा तेस्रो मार्ग पनि होइन । यो विश्व शान्ति, सुख र स्नेहभावको सहकारिता हो ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

ओलीको सरकार कस्तो थियो भन्ने गृहमन्त्री रामबहादुर थापा बादलको भुटानी शरणार्थी, अर्थमन्त्री विष्णु पौडेलको आठ आना जग्गा, सञ्चारमन्त्री गोकुल बाँस्कोटाको ७० करोड टेप प्रकरण, स्वास्थ्यमन्त्री भानुभक्त ढकालको ओम्नी काण्डबाट प्रष्ट हुन्छ । ढिलोचाँडो अरुका पनि खुल्दै जालान् ।



- मुमाराम खनाल

गृहमन्त्री/गृहसचिव/गृहसल्लाहकार/उर्जामन्त्री आदि पुरै राज्य मिलेर नागरिक लुट्ने नीतिगत व्यवस्था गर्ने र आ-आफ्ना नालायक सन्तानलाई अवैध व्यवसायको बिचौलियामा नियुक्त गरेर नागरिकलाई लुटेको पैसा व्यवस्थापन गर्ने । यो राज्य नै लुटेराहरूको हो र यिनीबाहेक यहाँ बस्न सक्ने स्थिति कसैको छैन ।



- च्यवन घिमिरे

उता टोपबहादुरलाई प्रहरीले पक्राउ गर्न पाएको छैन बार्दली बा दगुर्दै प्रम भेट्न पुगिसकेछन् । यस्ता त छन् भ्रष्टाचारीको मुख नहेर्ने सुशासनका हिमायतीहरु । जनतालाई २०४८ अघि र पछिका भ्रष्टाचारको फाइल खोलेर अनुसन्धान गरेर भ्रष्टाचारीलाई कडाभन्दा कडा सजाय दिने नेतृत्वको अभाव महसुस हुँदैछ ।




- सुर्यराज आचार्य

राज्यको पुनर्संरचना आवश्यक थियो । चल्तिको राजनीतिले भने गजबको पुनर्संरचना गरेछ । नयाँ राज्य संयन्त्रमा देश/जनताका एजेण्डामा परिणाम दिन निकै कठिन छ । राज्यका ओहोदामा बसेर सक्दो कमाइ गर्नेका लागि भने नयाँ राज्य संयन्त्र निकै सहज बनेको छ । राज्य नै राष्ट्र लुटमा लागे जस्तो पो देखियो ।

# सरकारले जगाएको उत्साह

विचार



● मनहरि तिमिल्सिना

*हामीले आलोचना र खबरदारीका साथै सरकारका राम्रा कामहरू पनि देख्ने र आम जनतालाई आशाको रक्तसञ्चार गर्न सक्दा आगामी दिनमा देशले गुणात्मक परिणाम पक्कै पाउनेछ । देश निर्माणमा हाम्रो पनि योगदान र हिस्सेदारी रहन्छ । तसर्थ, निराशा होइन, आशा र उत्साह भरौं ।*

सरकारको नेतृत्वमा निर्वाचित भएलगत्तै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भनेका थिए, ''मेरा प्रमुख तीन प्राथमिकता छन्, १. सामाजिक न्याय, २. सुशासन र ३. समृद्धि ।'' त्यति मात्र नभएर उनले तेस्रो कार्यकालमा नराम्रो नगर्ने र राम्रो मात्र गर्ने संकल्प पनि गरेका थिए । एउटा गठबन्धनबाट प्रधानमन्त्रीमा निर्वाचित भएको र लोकतन्त्र एवम् संविधानको रक्षार्थ अर्को गठबन्धनमा पुग्नुपर्ने बाध्यताका कारण परिणाममा केही व्यवधान पक्कै थिए । तर, अहिले क्रमशः नतिजा देखिन थालेको छ ।

सामाजिक न्यायका क्षेत्रमा केही महत्वपूर्ण काम भएका छन्, जस्तैः विदेशमा रहेका लाखौं नेपालीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता, विभिन्न कारणले अप्ठ्यारोमा परेका नागरिकको उद्धार, राहत र सहयोग आदि । विदेशमा अलपत्र परेका लाखौं नेपालीहरूलाई स्वदेश फर्काइएको छ । अनलाइनबाटै श्रम स्वीकृति लिनसक्ने, भिसा नवीकरण गर्नसक्ने व्यवस्था भएको छ । श्रम स्वीकृतिका लागि काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य भएको छ । विदेशमा रहेका नेपाली दुतावासहरूमा नेपाली श्रमिक तथा कामदारको गुनासो सम्बोधनका लागि छुट्टै हेल्प डेस्क राखिएको छ ।

मिटरब्याजीहरूलाई कठोर कारबाहीका लागि कानूनी प्रबन्ध सरकारले सुरु गरेको छ । उच्चस्तरीय आयोग नै बनाएर पीडितलाई न्याय दिन थालेको छ । यस्ता दर्जनौं काम भएका छन्, जसले सरकार सामाजिक न्यायप्रति दृढ छ भन्ने प्रष्ट्याउँछ ।

